# खुलाल खड्का क्षेत्री समाज

बा.न.पा.-८ र ९ सिगाना/तित्याङको

## विधान-२०४९

(पहिलो संशोधन २०६८ र
दोस्रो संशोधन २०७४ समेत)

# खुलाल खड्का क्षत्री समाज
## बा. न. पा.-८ र ९ सिगाना/तित्याङको
## विधान

२०४९

(पहिलो संशोधन २०६८ र दोश्रो संशोधन २०७४ समेत)

# विषय– सूचि


| विवरण | पृष्ठ संख्याः |
|---|---|
| प्रस्तावना | .... |
| परिच्छेद – १. प्रारंम्भिक | .... |
| २. संक्षिप्त नाम र प्रारंम्भ | ..... |
| ३. परिभाषा | ..... |
| ४. खड्का समाजको स्थापना | ..... |
| ५. समाजको कार्यालय | ..... |
| परिच्छेद – २ उद्धेश्य | ..... |
| ५. समाजको उद्धेश्य | ..... |
| परिच्छेद – ३. सदस्यता | .... |
| ६. सदस्यको योग्यता | .... |
| ७. सदस्यको प्रकार | ..... |
| ८. सदस्यता शुल्क र सदस्यता प्रदान गर्ने विधि | ..... |
| ९. सदस्यको अयोग्यता | ..... |
| परिच्छेद – ४ साधारण सभा तथा कार्यसमिति | ..... |
| १०. साधारण सभाको गठन | ..... |
| ११. साधारण सभाको अधिवेशन, संचालन, प्रस्ताव पेश गर्ने र निर्णय प्रकृया | ..... |
| १२. साधारण सभाको विशेष अधिवेशन | ..... |
| १३. साधारण सभाको काम, कर्तव्य र अधिकार | ..... |
| १४. कार्य समितिको गठन | ..... |
| १५. कार्य समितिको बैठक | ..... |
| १६. कार्य समितिको काम, कर्तव्य र अधिकार | ..... |
| १७. स्थानको रिक्तता | ..... |
| १८. कार्य समितिको विघटन | ..... |
| परिच्छेद – ५ पदाधिकारीहरूको काम, कर्तव्य र अधिकार | ..... |
| १९. अध्यक्षको काम, कर्तव्य र अधिकार | ..... |
| २०. उपाध्यक्षको काम, कर्तव्य र अधिकार | ..... |
| २१. सदस्यको काम, कर्तव्य र अधिकार | ..... |
| २२. कोक्षाध्यक्षको काम, कर्तव्य र अधिकार | ..... |
| २३. सदस्य–सचिवको काम, कर्तव्य र अधिकार | ..... |
| परिच्छेद – ६ आर्थिक व्यवस्था | ..... |
| २४. आर्थिक श्रोत | ..... |
| २५. चल, अचल सम्पत्तिको विवरण | ..... |
| २६. समितिको कोष | ..... |
| २७. लेखापरीक्षण | ..... |
| परिच्छेद – ७ विविध | ..... |
| २८. निर्वाचन सम्बन्धी व्यवस्था | ..... |
| २९ उम्मेदवार हुन अयोग्यता | ..... |
| ३०. सपथग्रहण | ..... |
| ३१. अविश्वासको प्रस्ताव | ..... |
| ३२. विधान संसोधन | ..... |
| ३३. नियम बनाउने | ..... |
| ३४. संस्था विघटन | ..... |
| ३५. अन्य विविध व्यवस्था | ..... |
| ३६. प्रचलित कानून बमोजिम हुने | ..... |
| ३७. बचाउ | ..... |
| १. अनुसूचि – १ समाजको चिन्ह | ...... |
| २. अनुसूचि – २ समाजको संस्थापक सदस्यहरू | |
| ३. विधान जिल्ला प्रशासन कार्यालय बाग्लुङमा दर्ता भएको पत्रको प्रतिलिपि | ...... |
| ४. संसोधित विधान जिल्ला प्रशासन कार्यालय बाग्लुङबाट स्वीकृत पत्रको प्रतिलिपि | .. |

# खुलाल खड्का क्षत्री समाज
# बा.न.पा.-८/९
# सिगाना/तित्याङको विधान
# २०४९

पहिलो संसोधन मिति : २०६८/९/१७
दोस्रो संसोधन मिति : २०७४/../..

प्रस्तावनाः

हाम्रो हिन्दु परम्पराअनुसार विभिन्न जातजातिमा बिभाजित समाजमा आफ्नो जातीय पहिचानको लागि हाम्रा पुर्वजहरूले अंगालिआएका धार्मिक एवं सांस्कृतिक परम्पराहरूलाई नामेट हुन नदिई न्यायपूर्ण तवरले परिमार्जित एवं परिस्कृत पार्दै लैजान यस्ता परम्पराहरूलाई सामुहिक रूपमा अघि वढाउन प्रतिबद्ध भएर,
मानव एक सामाजिक प्राणी भएकोले समाजको उत्थानको निम्ति सामूहिक प्रयासनै उत्तम माध्यम हो भन्ने सिद्धान्तबाट अभिप्रेरित भएर, हामी सिगाना तथा तित्याङ गा.वि.स.का विभिन्न स्थानहरूमा बसोवास गर्दै आएका धनञ्जय गोत्र खुलाल थरका खड्का (क्षत्री) हरूबीच धार्मिक, सांस्कृतिक, आर्थिक, सामाजिक एवं शैक्षिक सहयोगको आदान प्रदान गरी न्यायपूर्ण, नैतिक र चारीत्रिक समाजको स्थापना गर्ने धारणावाट अभिप्रेरित** भै खुलाल खड्का समाज सिगाना तित्याङको स्थापना गर्न सहमत *भै यो विधान निर्माण गरी लागु गरिएको छ।

## परिच्छेद-१
## प्रारम्भिक

**१) संक्षिप्त नाम र प्रारम्भः**
(क) यस विधानको नाम "श्री खुलाल खड्का क्षत्री समाज बा.न.पा.-८/९ सिगाना, तित्याङको विधान २०४९" रहनेछ।
(ख) यो विधान निर्वाचित कार्यसमितिले स्वीकृत *गरी जिल्ला प्रशासन कार्यालय बाग्लुङमा दर्ता भएको मितिदेखि लागु हुनेछ।

**२) परिभाषाः**
विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस विधानमाः
(क) "खुलाल खड्का क्षत्री समाज" भन्नाले धनञ्जय गोत्र खुलाल थरका खड्काहरूको समुहलाई सम्झनु पर्दछ।
(क१) "सभा" भन्नाले दफा १० बमोजिम गठन भएको साधारणसभा सम्झनु पर्दछ।
(ख) "समिति" भन्नाले दफा *१४ बमोजिम गठन भएको कार्यसमिति सम्झनु पर्दछ।
(ग) "सदस्य" भन्नाले समितिको सदस्य सम्झनु पर्छ र सो शब्दले समितिको अध्यक्ष, उपाध्यक्ष र कोषाध्यक्ष समेतलाई जनाउने छ।
(घ) "मुली" शब्दले परिवारको जेष्ठ व्यक्ति वा परिवारको दैनिक व्यवहारमा सक्रिय रूपमा संलग्न महिला वा पुरूषलाई बुझाउने छ।
(ङ) "तोकिए बमोजिम" भन्नाले यस विधानमा उल्लेख भए अनुसार वा कार्यसमितिले गरेको निर्णय अनुसार सम्झनु पर्नेछ।
** (च) "समाज" भन्नाले खुलाल खड्का क्षत्री समाज बा.न.पा.-८/९ सिगाना, तित्याङलाई जनाउनेछ।
*(छ) "सगोत्री" भन्नाले धनञ्जय गोत्र खुलाल थरका खड्काहरूलाई जनाउनेछ।

***३ खड्का समाजको स्थापनाः** समाजको स्थापना देहाय बमोजिम हुनेछः–
(क) यस विधानद्वारा "खुलाल खड्का क्षत्री समाज बा.न.पा.-८/९ सिगाना, तित्याङ" नामक समाजको स्थापना गरिएको छ।
(ख) समाज अविच्छिन्न, उत्तराधिकारवाला, स्वशासित संस्था हुनेछ र समाजले प्रचलित कानून बमोजिम आफ्नो नामबाट चल अचल सम्पत्ति आर्जन, भोग र बेचविखन गर्ने तथा धितो बन्धक लिने दिने समेतका कार्यहरू गर्न सक्ने छ। समाजले आफ्नो नामबाट कसै उपर नालेस उजुर गर्न सक्नेछ र यस उपर पनि सोही नामबाट नालेस गर्न सकिनेछ।
(ग) यस विधानको अनुसूचि–१ मा व्यवस्था भए अनुसार समाजको आफ्नो छुट्टै परिचयको लागि एउटा चिन्ह हुनेछ, जसमा पाँच जना मानिसहरूका एक एक हातहरू एक आपसमा हातेमालो गरी खड्ग उठाएको र अर्को हातले आयातकार चित्रको माथी प्रज्वलित रूपमा रहेको दियोलाई थामीरहेको चित्रलाई दुई वृत्ताकार रेखाहरूले घेरी वृत्ताकार रेखा बीचको माथिल्लो अर्धवृत्तमा खुलाल खड्का

---

* पहिलो संसोधनबाट थप।

** दोस्रो संसोधनबाट थप।

* पहिलो संसोधनबाट थप।

* पहिलो संसोधनबाट थप।

* पहिलो संसोधनबाट थप।

* पहिलो संसोधनबाट थप।

* पहिलो संसोधनबाट थप।

* पहिलो संसोधनबाट थप।

क्षत्री समाज र तल्लो अर्धवृत्तमा बा.न.पा.-८/९ सिगाना-तित्याङ र बीचमा बायाँपट्टि २०४९ र दायाँपट्टि १९९२ लेखिएको कलात्मक आकृतिले समाजको प्रतिनिधित्व गर्नेछ ।

(घ) उपरोक्त उप दफा (३) मा उल्लेख भएको चिन्ह समाजले आधिकारिक छापको रूपमा प्रयोग गर्नेछ ।

*४. **समाजको कार्यालयः** समाजको कार्यालय बा.न.पा. ९ तित्याङ कुलदेवताको स्थान खग्रेटामा रहनेछ । आवश्यकतानुसार समितिको निर्णयबाट अन्य स्थानहरूमा समेत सम्पर्क कार्यालय खोल्न सकिनेछ ।

## परिच्छेद-२
## खड्का समाजको उद्धेश्य र गठन

A**५. खुलाल खड्का क्षत्री समाजको उद्धेश्य निम्नानुसार रहेकोछ :-**

(क) नेपाल राज्यका बिभिन्न भागमा बसोवास गर्दै आएका धनञ्जय गोत्र खुलाल थरका खड्काहरू बीच व्यापक सम्पर्क कायम गरी तथ्यपूर्ण वंशावली तयार गर्ने ।

(ख) परम्परागत रूपमा गर्दै आएको कुल देवताको पुजालाई संस्थागत गर्दै जाने ।

(ग) सांस्कृतिक, शैक्षिक, सामाजिक र आर्थिक विकासका लागि परस्पर सहयोगको आदान प्रदान गर्ने ।

(घ) न्यायपूर्ण, नैतिक एवं चारीत्रिक समाजको निर्माणका लागि प्रतिवद्ध हुँदै समाज भित्र घट्न सक्ने अनैतिक र अनियमित क्रियाकलापहरू संस्थागत रूपमा निरूत्साहित गर्दै लैजाने ।

(ङ) अन्य जात जातिहरूसंग घृणा, इर्ष्या र वैमनस्यता नराखी पारस्परिक सहयोग र सौहार्दताको हात वढाउने ।

(च) अन्य समाजहरूसंग परोपकारी तथा कल्याणकारी गतिविधिमा संस्थागत संलग्नता राख्न प्रयास गर्ने ।

*(छ) विना भेदभाव बालवालिका र अन्य दलित जनजातिको सशक्तिकरण र उत्थानमा समर्पित रहने र समाजको विकास र प्रगतिमा अवरोध हुने कुरीति र कुसंस्कारलाई हटाउन प्रयत्नरत रहने ।

(ज) प्राकृतिक श्रोतहरू एवं आर्थिक सामाजिक रूपले महत्वपूर्ण परम्परागत साधनहरूको संरक्षण गर्दै वातावरण संरक्षण र दीगो आर्थिक सामाजिक विकासमा संलग्न रहने ।

## ❐परिच्छेद-३
## सदस्यता

**६. सदस्यको योग्यताः**

(१)समाजको सदस्य हुन देहाय अनुसार योग्यता भएको हुनु पर्नेछः-

(क) सिगाना र तित्याङका टोलबस्तीहरूमा बसोवास गरेका धनञ्जय गोत्र खुलाल थरका खड्का परिवारहरू अनिवार्य यसमा साधारण सदस्य हुनेछन् ।

(ख) खण्ड (क) अनुसारका प्रत्येक परिवारको मुलीले साधारण सदस्यको प्रतिनिधित्व गर्नेछ । तर मुलीको मन्जुरी भएमा निजको स्थानमा परिवारको उमेर पुगेको अन्य सदस्यलाई पनि साधारण सदस्यको मान्यता दिइनेछ ।

(ग) सिगाना तथा तित्याङ गा.वि.स. बाहेकको अन्य क्षेत्र एवं जिल्ला तथा विदेशमा समेत बसोवास गरी आएका धनञ्जय गोत्र खुलाल थरका खड्का परिवारका मुली तथा प्रतिनिधि स्वेच्छाले सदस्य वन्न सक्नेछन् ।

(घ) उमेर १८ वर्ष पुगेको हुनुपर्नेछ ।

(ङ)नैतिक पतन देखिने फौज्दारी अभियोगमा अदालतबाट दोषी प्रमाणित भएको हुनु हुँदैन ।

(च) मानसिक अवस्था ठिक भएको हुनु पर्नेछ ।

(छ)विधानको उद्धेश्य पालना गर्ने प्रतिवद्धता जनाएको हुनुपर्नेछ ।

**७. सदस्यको प्रकारः**

(१) समाजमा देहाय अनुसार चार प्रकारका सदस्यहरू रहनेछन् :–

(क) संस्थापक सदस्य,

(ख) साधारण सदस्य,

(ग) आजिवन सदस्य,

(घ) मानार्थ सदस्य

**८. सदस्यता शुल्क र सदस्यता प्रदान गर्ने विधिः**

*(१) संस्थापक सदस्यः– संस्था दर्ता गर्दा दस्तखत गर्ने अनुसूचि-२ बमोजिमका व्यक्तिहरू संस्थाका संस्थापक सदस्य हुनेछन् ।संस्थापक सदस्यहरूको सदस्यता निरन्तर हुने भएतापनि साधारण सदस्य सरह तोकिएको शुल्क वार्षिकरूपमा बुझाउनु पर्नेछ ।

(२) साधारण सदस्य देहाय अनुसार प्रदान गरिनेछः-

(क) दफा ६ अनुसारका सदस्यहरू समाजको साधारण सदस्यका रूपमा रहनेछन् ।

(ख) प्रत्येक साधारण सदस्यको घर परिवारको विवरण समाजको कार्यालयमा दर्ता भएको हुनुपर्नेछ ।

---

* पहिलो संसोधनबाट थप।

A पहिलो संसोधनबाटरू. दफा नंवर परिवर्तन ।

* पहिलो संसोधनबाट थप।

❐ पहिलो संसोधनद्वारा साविकको परिच्छेद शीर्षक परिवर्तन गरी थप व्यवस्था गरिएको ।

(ग) सदस्यता शुल्क प्रत्येक वर्ष रू.१००।- (सय) समाजको कार्यालयमा बुझाएको हुनुपर्नेछ ।

(घ) खण्ड (क) र (ख) को प्रक्रिया पुरा भएपछि समाजको सदस्य सचिवले दफा (६) अन्तर्गत रही सदस्यता प्रदान गर्नेछ र सोको अनुमोदन समितिको बैठकबाट गराउनु पर्नेछ ।

(३) आजिवन सदस्यता देहायअनुसार प्रदान गरिनेछः-

साधारण सदस्यता प्राप्त गरिसकेका सदस्यले आजिवन सदस्य बन्न रू.१,५००।- समाजको कोषमा जम्मा गरी कार्यसमिति समक्ष निवेदन दिएमा समितिको बहुमतको निर्णयबाट आजिवन सदस्यता प्रदान गर्न सक्नेछ र आजिवन सदस्यता प्राप्त गरिसके पछि निजको नामावली साधारण सदस्यबाट हट्नेछ । आजिवन सदस्यले वार्षिक शुल्क बुझाउनु पर्नेछैन ।

(४) मानार्थ सदस्यता देहाय अनुसार प्रदान गरिनेछः-

(क) राष्ट्रिय जीवनको विभिन्न क्षत्रमा ख्याति आर्जन गरेका र समाज प्रति सकारात्मक धारणा राख्ने शुभ चिन्तक खुलाल खड्का क्षत्री र अन्य गोत्रका खड्का क्षत्री एवं अन्य जात जातिका व्यक्तिलाई समितिले निर्णय गरी सदस्यता प्रदान गर्न सक्नेछ ।

(ख) दफा (क) अनुसार मानार्थ सदस्यको सदस्यता प्रदान पछि बस्ने साधारण सभाको बहुमतद्वारा सो कार्यको अनुमोदन गराउनु पर्नेछ ।

**९. <u>सदस्यको अयोग्यता</u>:** निम्न अवस्थामा देहायका सदस्य आफ्नो पदमा रहनेछैनन्:–

(१) संस्थापक, साधारण, र आजीवन सदस्य :

- (क) दफा (६) अनुसारको योग्यता नभएको भनि साधारण सभाले निर्णय गरेमा,
- (ख) बिना कारण लगातार तीन वर्षसम्म समाजलाई बुझाउनुपर्ने वार्षिक शुल्क नबुझाएको कारणबाट साधारण सभाले निर्णयगरी हटाएमा, तर आजीवन सदस्यले वार्षिक शुल्क बुझाउनु पर्नेछैन ।
- (ग) समाजले मानिआएको परम्परा, रीतिस्थिति बिपरित अनैतिक कार्य गरेको भनि साधारण सभाले निर्णय गरेमा ।
- (घ) माथि क, ख र ग अनुसार सदस्यबाट हट्ने सदस्यहरूमध्ये संस्थापक सदस्यले मतदानको अधिकार लगायत साधारण सभामा उपस्थित हुने अधिकार गुमाउने भएतापनि उसको नामावली अनुसूचि २ बाट हटाइने छैन ।

(२) **<u>मानार्थ सदस्य</u>** :

- (क) जुन गुण र योग्यताको कदर गरी मानार्थ सदस्यता प्रदान गरिएको हो, उक्त व्यक्तिमा सो अनुरूपको आचरण नभएको साथै निजले समाज र देशलाई अहित हुने कार्य गरेको ठहर भएमा मानार्थ सदस्यता प्रदान गर्दा जुन विधि अपनाइएको हो सोही विधिद्वारा निजलाई हटाइएमा ।

## ❐परिच्छेद -४
## <u>साधारणसभा तथा कार्यसमिति</u>

**१०. <u>साधारणसभाको गठनः</u>**

(१) साधारण सभाको गठन विधि देहाय अनुसार हुनेछः–

(क) समाजको एक साधारण सभा हुनेछ, जसमा दफा (८) बमोजिम सदस्यता प्राप्त व्यक्तिहरू रहनेछन् ।

(ख) साधारण सभाको कुल सदस्य संख्या साधारण सभा हुने सूचना जारी भएको अघिल्लो दिन सम्मका दफा (८) र (५) अनुसार लगत भएका सदस्य मध्ये कायम रहेको संख्या बराबर हुनेछ ।

(ग) मानार्थ सदस्यहरू पर्यवेक्षकको रूपमा भाग लिन पाउनेछन् तर मतदानमा सम्मिलित हुने छैनन् ।

(घ) समितिको सदस्य-सचिवले साधारण सभाको समेत सचिव भई कार्य गर्नु पर्नेछ ।

**११. <u>साधारणसभाको अधिवेशन, संचालन, प्रस्ताव पेश गर्ने र निर्णय प्रकृयाः</u>**

(१) साधारण सभाको अधिवेशन संचालन प्रकृया देहाय अनुसार हुनेछः–

- (क) साधारण सभाको अधिवेशन वर्षको दुई पटक मंसिर र जेठमा बस्नेछ । जेठको अधिवेशनमा आगामी वर्षको बजेट र कार्यक्रम पारित गरिने तथा मंसिरको अधिवेशनमा गतवर्षको कार्यक्रमको समीक्षा र चालु आ. व. को कार्यक्रम र प्रगतिको समीक्षा गर्ने कार्य हुनेछ ।
- (ख) अधिवेशनको सूचनाः उपरोक्त अनुसार हुने साधारण सभाको अधिवेशनको लागि प्रत्येक सदस्यहरूलाई कम्तीमा सात दिन अगावै अधिवेशन हुने स्थान, मिति र समय तथा छलफल हुने विषय समेत उल्लेख गरी सूचना गर्नु पर्नेछ ।
- (ग) साधारण सभाको सभापतित्व सदस्यहरू मध्ये उमेरको आधारमा जेष्ठ सदस्यले गर्नेछ ।
- (घ) सभाको अधिवेशनमा गणपुरक सख्या कम्तीमा पनि कुल सदस्य संख्याको एककाउन्न प्रतिशत हुनेछ । तर गणपुरक संख्या नपुगी दोश्रो पटक बैठक बोलाउंदा कुल सदस्य संख्याको चालिस प्रतिशत उपस्थिति भए पनि बैठक बस्न बाधा पर्ने छैन ।

(२) अधिवेशनमा प्रस्ताव पेश गर्ने प्रकृया देहाय अनुसार हुनेछः–

- (क) कार्य समितिका सदस्यहरूले आ–आफ्नो क्षेत्रका समस्या एवं आवश्यकता कार्यसमितिको बैठकमा राखी समितिको निर्णय सहित अधिवेशनमा पेश गर्न सिफारिश गरेका विषयहरू र विधानको उद्धेश्यलाई कार्यरूप दिन आवश्यक पर्ने नीतिगत विषयहरू, कार्यक्रमहरू एवं वार्षिक आय–व्यय अनुमान जस्ता विषयहरू कार्यसमितिबाट स्वीकृत गराइ अध्यक्षले अधिवेशनमा प्रस्तावको रूपमा पेश गर्नु पर्नेछ ।
- (ख) सभाको अधिवेशनमा प्रस्ताव पेश गर्न चाहने साधारण सदस्यहरूले अधिवेशन हुने दश दिन अगावै सभाको सचिव समक्ष प्रस्ताव पेश गर्नु पर्नेछ ।

  स्पष्टिकरणः खण्ड (क) र (ख) बमोजिम पेश हुने प्रस्तावहरूको सूचि उपदफा (१) ख अनुसार जारी हुने सूचनामा संलग्न हुनु पर्नेछ ।

---

❐ पहिलो संसोधनद्वारा साविकको परिच्छेद शीर्षक परिवर्तन गरी थप व्यवस्था गरिएको ।

(ग) कुनै महत्वपूर्ण विषय र सो विषय समाजको लागि सरोकार रहेको पुष्ट्याँई सहित छलफलको लागि कुनै सदस्यले अधिवेशन हुने दिनमा विशेष समय लिई अधिवेशनको सभापति समक्ष प्रस्ताव पेश गर्न सक्नेछ । त्यसरी पेश भएको प्रस्तावलाई छलफलमा ल्याउने, नल्याउने पूर्ण अधिकार सभापतिमा निहीत हुनेछ ।

(३) अधिवेशनमा निर्णय प्रकृया देहाय अनुसार हुनेछः–

(क) यस विधानमा अन्यत्र छुट्टै व्यवस्था भएकोमा बाहेक जुनसुकै प्रस्तावको निर्णय उपस्थित सदस्यहरूको बहुमतले गर्नेछ ।

(ख) सभापतित्व गर्ने सदस्यले अधिवेशनमा कुनै पनि प्रस्ताव उपर मतदान गर्ने छैनन्, तर मत बराबर भएमा निर्णायक मत दिन बन्देज हुने छैन ।

(४) अधिवेशन संचालन र निर्णयसम्बन्धी अन्य प्रकृया साधारण सभाले आफैले निर्णय गरेबमोजिम हुनेछ ।

(५) अधिवेशनको अन्त्यः पूर्व निर्धारित रूपमा छलफल र प्रस्ताव पारित भैसकेपछि कार्यसमितिको अध्यक्षको सिफारिसमा सभापतिले ( अधिवेशनमा सभापतित्व गरिरहेको पदाधिकारी) अधिवेशनको अन्त्य भएको घोक्षणा गर्नेछ ।

**१२. <u>साधारणसभाको विशेष अधिवेशनः</u>**

(१) अध्यक्ष बाहेक कार्यसमितिका सम्पूर्ण सदस्य वा साधारण सदस्यको एक चौंथाई सदस्यले साधारण सभाको विशेष अधिवेशन बोलाउनु पर्ने कारण उल्लेख गरी छलफल हुनु पर्ने विषयको प्रस्ताव सहित लिखित रूपमा अनुरोध गरेमा अध्यक्षले पन्ध्र दिन भित्र विशेष अधिवेशन बोलाउनु पर्नेछ ।

(२) सभाको विशेष अधिवेशनमा गणपुरक संख्या, सभाको सभापतित्व, संचालन र निर्णय प्रकृया साधारणसभा सरह नै हुनेछ ।

(३) विशेष अधिवेशन जुन उद्धेश्यको लागि बोलाइएको हो सोही विषयको छलफल र निर्णयमा मात्र सीमित रहनेछ । र सो को टुङ्गो लागेपछि सभापतिले विशेष अधिवेशन अन्त्य भएको घोषणा गर्नेछ ।

**१३. <u>साधारणसभाको काम कर्तव्य र अधिकारः</u>**

(१) साधारणसभाको काम कर्तव्य र अधिकार देहाय अनुसार हुनेछः–

(क) समितिको अध्यक्षबाट पेश भएको चालु आर्थिक वर्षको कार्यक्रम तथा प्रगतिको समीक्षा गर्ने ।

(ख) आगामी आ. व. को लागि कार्यक्रम र बजेट पारित गर्ने ।

(ग) कार्यसमितिबाट निर्णय भई पारित गर्न पेश गरेका प्रस्तावहरू उपर छलफल गरी पारित गर्ने वा सुझाव सहित कार्य समितिमा फिर्ता पठाउने ।

(घ) सदस्यबाट पेश भएका प्रस्तावहरू पारित गर्ने वा राय सहित सम्बन्धित सदस्यलाई फिर्ता दिने ।

(ङ) कार्यसमितिबाट अनुमोदनका लागि पेश भएका प्रस्तावहरू अनुमोदन गर्ने वा गराउने ।

(च) कार्यसमितिले निर्णय गरी अनुमोदनका लागि पेश गरेको मानार्थ सदस्य प्रदान गर्ने वा खारेजी गर्ने कार्यलाई अनुमोदन गर्ने वा नगर्ने ।

(छ) तोकिएका पदाधिकारी उपर पेश भएको अविश्वासको प्रस्ताव उपर निर्णय गर्ने ।

(ज) यस विधानमा तोकिएअनुसार कार्य समिति विघटन गर्ने ।

(झ) लेखा परीक्षक नियुक्ति गर्ने, लेखापरीक्षण प्रतिवेदन उपर छलफल गरी समितिलाई बेरूजु असुल उपर गर्न निर्देशन दिने ।

(ञ) हिनामिना नभएको प्रकृया मात्र पुरा नभई कायम भएको बेरूजु औचित्यको दृष्टिकोणले फछ्र्यौट गर्ने ।

(ट) आवश्यक र महत्वपूर्ण विषयमा समितिलाई निर्देशन दिने ।

(ठ) विधानमा उल्लेख नभएको कुनै कार्य गर्न बाधा परी समितिबाट निर्णय भई माग गरेका विषयहरूमा उचित निकास दिई बाधा अड्काउ फुकाउने ।

(ड) निर्वाचन क्षेत्रको सीमाना पुनरावलोकन र निर्वाचक मण्डलको गठन गर्ने ।

(ढ) समाजका सदस्यहरूले परम्परा रीतिस्थिति बिपरितको आचरण गरेको सम्बन्धमा निर्णय गर्ने ।

(ण) आवश्यकता अनुसार विधानमा थप घट र परिवर्तन गरी संसोधन गर्ने ।

(त) समाजका सदस्यहरूको अयोग्यताको निर्णय गर्ने ।

(थ) साधारण सदस्य तथा आजीवन सदस्यता शुल्कमा परिमार्जन गर्ने

**१४. <u>कार्यसमितिको गठनः</u>**

(१) समाजको देहाय अनुसार बढीमा तेइस जना सदस्य भएको एक कार्यसमितिको गठन हुनेछः–

(क) भौगोलिक अवस्थिति हेरि यथासंभव साधारण सदस्य संख्या बराबर पर्ने गरी सिगाना र तित्याङमा फैलिएका खड्का परिवारहरूलाई पन्ध्र क्षेत्रमा बिभाजन गरी प्रत्येक क्षेत्रका साधारण सदस्यहरू मध्येबाट निर्वाचित भई आएका पन्ध्र जना सदस्यहरू ।

स्पष्टिकरणः पन्ध्र जना सदस्यहरूमध्ये कम्तीमा तीनजना महिला सदस्य अनिवार्य हुनेछ, सो को लागि गोला प्रथाद्वारा महिला प्रतिनिधि छानिने क्षेत्र निर्धारण गरी उक्त क्षेत्रमा महिलाहरूले मात्र प्रतिस्पर्धा गर्नुपर्नेछ ।

(ख) सम्पूर्ण क्षेत्रका साधारण सदस्यहरूबाट निर्वाचित भई आएका एक अध्यक्ष र तीन उपाध्यक्ष ।

(ग) सिगाना र तित्याङ बाहेक अन्य स्थानमा रहे बसेका सगोत्री घर परिवार संख्या र भाईचाराको महत्वको आधारमा साधाणसभाले ती परिवारबाट बढिमा चारजना सदस्य मनोनयन गर्न सक्नेछ ।

(घ) कार्यसमितिका पूर्व अध्यक्षहरू समितिमा सल्लाहकारको रूपमा रहनेछन् । उनिहरूले समितिको छलफलमा भाग लिनेछन् तर निर्णय प्रकृयामा हुने मतदानमा सहभागी हुने छैनन् ।

(ङ) अध्यक्षले कार्यसमितिमा एक जना कोक्षाध्यक्ष र एक जना सदस्य–सचिव नियुक्त गर्नेछ र सो को अनुमोदन कार्यसमितिका सम्पूर्ण सदस्यहरूको सर्वसम्मतिबाट हुनु पर्नेछ ।

स्पष्टिकरणः यसरी नियुक्त हुने कोक्षाध्यक्ष र सदस्य–सचिव साधारण सदस्य हुने योग्यता पुगेको, कम्तीमा एस. एल. सी. उत्तिर्ण गरेको, संघ संस्था संचालन गर्न योग्य तथा कुनै पनि आर्थिक हिनामिना, भ्रष्टाचार जस्ता अभियोग नलागेको व्यक्ति हुनु पर्नेछ ।

(२) कार्यसमितिको कार्यकालः

(क) यस विधान बमोजिम विघटन भएमा बाहेक समितिको कार्यकाल पाँच वर्षको हुनेछ ।

(ख) कार्यकालको गणना पहिलो वर्षको पौष एक गतेबाट सुरू भई पाँचौ वर्षको मंसिर मसान्तमा समाप्त भएको मानिनेछ ।

(ग) कुनै कारणबस सदस्यको स्थान रिक्त भएमा बाँकी अवधिको लागि उप–निर्वाचनद्वारा पुर्ति गरिनेछ । तर कार्यसमितिको अवधि समाप्त हुन पाँच महिनाभन्दा कम समय भएमा उक्त स्थान पुर्ति गरिने छैन ।

३.१ कार्य समितिलाई सल्लाह र सुझाव दिनको लागि पाँच सदस्य भएको सल्लाहकार समिति गठन गर्ने व्यवस्था ।

३.२ समाजको स्थापना कालदेखि समाजमा योगदान पुर्‍याउने व्यक्तिहरूमध्येबाट ३ जना संस्थापक संरक्षक रहने व्यवस्था ।

**१५. कार्यसमितिको बैठकः**

(१) कार्यसमितिको बैठक प्रत्येक दुई महिनामा अध्यक्षको निर्देशन अनुसार सदस्य सचिवले बोलाउने छ । यसरी बैठक बोलाउँदा छलफलका विषयहरू समेत उल्लेख गर्नु पर्नेछ ।

(२) कार्यसमितिका कार्यरत सदस्यमध्ये एक चौँथाईले तत्काल बैठक बस्न आवश्यक छ भनि विषयसमेत उल्लेख गरी अध्यक्षलाई संबोधन गरी सदस्य–सचिव समक्ष लिखित निवेदन दिएमा अध्यक्षले दश दिन भित्र बैठक बोलाउनु पर्नेछ ।

(३) बैठकको अध्यक्षता समितिका अध्यक्षले गर्नेछ ।

(४) बहुमतको निर्णय नै समितिको निर्णय हुनेछ । मत बराबर भएमा अध्यक्षले निर्णायक मत दिनेछ ।

(५) समितिको बैठकमा तत्काल कायम रहेका सदस्य संख्याको एकाउन्न प्रतिशत सदस्य उपस्थित नभए गणपुरक संख्या पुगेको मानिने छैन । तर गणपुरक संख्या नपुगी दोश्रो पटक बैठक बोलाउँदा कुल सदस्य संख्याको चालिस प्रतिशत उपस्थिति भए पनि बैठक बस्न बाधा पर्ने छैन ।

(६) समितिको बैठकको छुट्टै निर्णय पुस्तिका हुनेछ र निर्णयमा उपस्थित सवै सदस्यहरूको दस्तखत हुनुपर्नेछ ।

**१६. कार्यसमितिको काम, कर्तव्य र अधिकारः**

(१) कार्यसमितिको काम, कर्तव्य र अधिकार देहाय अनुसार हुनेछः–

(क) विधानको प्रस्तावना र उद्धेश्य अनुरूप समाजको सर्वोपरी उत्थान र विकास एवं अन्य समुह, वर्ग र समुदाय प्रति असल भाइचारा र सुसम्बन्ध कायम गर्ने योजना तथा कार्यक्रम एवं गतिविधिहरू तर्जुमा गरी कार्यान्वयन गर्ने ।

(ख) समाजको योजना, कार्यक्रम एवं गतिविधिहरू सञ्चालन गर्न आवश्यक पर्ने आर्थिक एवं भौतिक श्रोत र साधनहरूको व्यवस्था गर्ने ।

(ग) समाजको कार्यालय व्यवस्थापन एवं आवश्यक कर्मचारीको व्यवस्था गर्ने ।

(घ) छलफलको लागि पेश भएका प्रस्तावहरू उपर छलफल गरी निर्णय दिने ।

(ङ) समिति समक्ष पेश भएको कार्यक्रम तथा बजेट अनुमोदन गरी अन्तिम स्वीकृतिको लागि साधारणसभामा पेश गर्ने ।

(च) कार्यक्रम एवं गतिविधिहरूको लक्ष्य तथा प्रगति विवरण साधारणसभा र अन्य सम्बन्धित निकायहरूमा पेश गर्ने ।

(छ) साधारण तथा आजीवन सदस्यता प्रदान गर्ने ।

(ज) मानार्थ सदस्यता प्रदान तथा खारेजीको निर्णय गरी अनुमोदनको लागि साधारणसभामा पेश गर्ने ।

(झ) समाजको आय-व्ययको लेखा राख्ने र लेखापरीक्षण गराउने ।

(ञ) लेखापरीक्षणबाट औल्याएका असुल उपर गर्नु पर्ने बेरूजुहरू असुली गर्ने, प्रकृया नपुगेका बेरूजु प्रकृया पुर्‍याई फरफारक गराउन साधरण सभामा पेश गर्ने ।

(ट) समितिको सदस्य लगातार तीन पटकको बैठकमा उपस्थित नभएमा निजको प्रतिक्रिया समेत बुझी सदस्य पदबाट हटाउने वा नहटाउने निर्णय गर्ने । पुनश्चः यसरी हटाउने निर्णय भएकोमा सो पछि बस्ने साधारणसभाबाट अनुमोदन गराउनु पर्नेछ ।

(ठ) साधारणसभाले दिएका निर्देशनहरूको कार्यान्वयन गर्ने ।

(ड) आवश्यकता अनुसार आइपर्ने अन्य कार्यहरू गर्ने ।

**१७. स्थानको रिक्तताः**

(१) कार्यसमितिका सदस्यहरू एवं सदस्य-सचिवको स्थान देहायको अवस्थामा रिक्त हुनेछः–

(क) निजको मृत्यु भएमा ।

(ख) मनासिव माफिकको कारण बाहेक लगातार तीन पटकसम्म समितिको बैठकमा उपस्थित नभएको कारणले समितिले हटाएमा ।

(ग) आफ्नो पदबाट दिएको लिखित राजीनामा स्वीकृत भएमा ।

स्पष्टिकरणः अध्यक्षले समितिको बैठक समक्ष र अन्यले अध्यक्ष समक्ष राजीनामा दिनुपर्नेछ र सोको स्वीकृति कार्यसमितिको निर्णयबाट हुनुपर्नेछ ।

(घ) दफा (६) र (८) अनुसारको योग्यता नरहेमा ।

(ङ) दफा (३१) मा व्यवस्था भए अनुसार अविश्वासको प्रस्ताव पारित भएमा ।

(च) कोषाध्यक्ष सदस्य-सचिवको कार्य सन्तोक्षजनक नभएका कारण स्पष्ट गरी निजहरूको प्रतिक्रिया समेत लिई समितिले हटाएमा ।

**१७. कार्यसमितिको विघटनः**

(१) कार्यसमितिको विघटन देहाय अनुसार हुनेछः–

(क) कार्यसमिति विधानको उद्धेश्य अनुरूपको कार्य गर्न असक्षम भएमा ।

(ख) विधानको उद्धेश्य विपरित कार्य गरेमा ।

(ग) मोलमोलाहिजामा फसेमा वा समितिको रकम हिनामिना गरि भ्रष्टाचार गरेमा सो को स्पष्ट व्यहोरा किटान गरि समाजका साधारण सदस्यहरूको पच्चिस प्रतिशत संख्याले दस्तखत गरि विघटनको लागि माग गरेमा अध्यक्षले तोकिएको समय भित्र साधारणसभाको विशेष अधिवेशन बोलाई सम्पूर्ण सदस्यको दुई तिहाई बहुमतद्वारा अनुमोदन भएमा समिति विघटन भएको मानिनेछ र यसरी कार्यसमिति विघटन भएपछि नयाँ कार्यसमितिको निर्वाचन गर्नु पर्नेछ ।

## ❐परिच्छेद–५
## पदाधिकारीहरूको काम, कर्तव्य र अधिकार

**१९. अध्यक्षको काम, कर्तव्य र अधिकारः**

(क) विधानको प्रस्तावना अनुरूप समाजको उद्धेश्य परिपुर्ति गर्न प्रयत्नरत रहने ।

(ख) कार्य समितिको बैठकको अध्यक्षता गर्ने ।

(ग) कार्य समितिमा प्राप्त हुन आएका छलफलका बुँदाहरू, अविश्वासका प्रस्ताव आदि सदस्य–सचिव मार्फत बैठकमा पेश गर्ने व्यवस्था मिलाउने ।

(घ) समितिको कोषको संरक्षक भई आम्दानी खर्चको लेखा दुरूस्त राख्न लगाउने, संकलित रकम समयमा कार्यालयमा प्राप्त भएको छ, छैन, प्राप्त रकम बैंकमा दाखिला भएको छ, छैन आदिको निगरानी राख्ने र खर्च मितव्ययी र उत्पादनमुखी बनाउने तर्फ प्रयत्नरत रहने ।

(ङ) वार्षिक कार्यक्रम, लक्ष्य र प्रगतिको विवरण तयार गराई समितिमा पेश गर्ने ।

(च) कोषाध्यक्ष र सदस्य–सचिवको सहयोग लिई बजेट तर्जुमा गरी समितिमा पेश गर्ने ।

(छ) कार्यसमितिको नियमित र आकष्मिक बैठक बोलाउने ।

(ज) समाजको विधानबमोजिम नियमित हुने साधारण अधिवेशन र साधारण सदस्यहरूबाट माग भएको विशेष अधिवेशनको तिथि तोकी अधिवेशन बोलाउने सूचना जारी गर्ने ।

(झ) साधारणसभाको अधिवेशन तथा विशेष अधिवेशनमा पेश हुने प्रस्तावहरूको सूचि सदस्य–सचिवबाट तयार गराउने र अधिवेशनको तयारी सम्बन्धी आवश्यक कार्य गर्ने ।

(ञ) कार्यसमितिको मुख्य अधिकारीको रूपमा सदस्य–सचिव मार्फत कार्यालय सञ्चालनको व्यवस्था मिलाउने ।

(ट) विधानमा व्यवस्था गरे अनुरूप कोषाध्यक्ष र सदस्य–सचिव लगायत अन्य कर्मचारीको नियुक्ति गर्ने ।

(ठ) समितिले सुम्पेको अन्य जिम्मेवारी बहन गर्ने ।

**२०. उपाध्यक्षको काम, कर्तव्य र अधिकारः**

(क) विधानको प्रस्तावना अनुरूप समाजको उद्धेश्य परिपूर्ति गर्न प्रयत्नरत रहने ।

(ख) अध्यक्षको अनुपस्थितिमा बैठकको अध्यक्षता गर्ने तथा अध्यक्षले दिएको जिम्मेवारी अनुसारका कार्यहरू गर्ने ।

(ग) अध्यक्षको स्थान रिक्त भएको अवस्थामा अध्यक्षलाई भएको अधिकार र कर्तव्यको प्रयोग तथा पालना गर्ने ।

(घ) समितिको बैठकमा नियमित रूपमा सहभागी हुने ।

(ङ) समितिले सुम्पेको अन्य जिम्मेवमरी बहन गर्ने ।

**२१. सदस्यको काम, कर्तव्य र अधिकारः**

(क) विधानको प्रस्तावना अनुरूप समाजको उद्धेश्य परिपूर्ति गर्न प्रयत्नरत रहने ।

(ख) आफ्नो क्षेत्रका परिवारका समस्या र आवश्यकता समितिलाई जानकारी गराउने ।

(ग) समितिको निर्णय अनुसार आफ्नो क्षेत्रबाट संकलन गर्नु पर्ने रकम संकलन गरी कोषाध्यक्षलाई बुझाउने ।

(घ) समितिको बैठकमा नियमित रूपमा सहभागी हुने ।

(ङ) समितिले सुम्पेका अन्य जिम्मेवारी बहन गर्ने ।

**२२. कोषाध्यक्षको काम, कर्तव्य र अधिकारः**

(क) विधानको प्रस्तावना अनुरूप समाजको उद्धेश्य परिपूर्ति गर्न प्रयत्नरत रहने ।

(ख) समितिको कोषको मुख्य अधिकारी भई कोषाको आम्दानी-खर्चको लेखा सदस्य–सचिव मार्फत राख्न लगाई मासिक र वार्षिक प्रतिवेदन समितिमा पेश गर्ने ।

(ग) सदस्य–सचिवको समन्वय र सहयोगमा नयाँवर्षको लागि आय–व्ययको अनुमान गरी समितिमा पेश गर्ने ।

(घ) समितिको बैठकमा नियमित रूपमा सहभागी हुने ।

(ङ) लेखा परीक्षणकालागि आवश्यक पर्ने विवरण सदस्य–सचिवको सहयोग लिई तयार गर्ने ।

(च) समितिले सुम्पेको अन्य जिम्मेवारी बहन गर्ने ।

**२३. सदस्य–सचिवको काम, कर्तव्य र अधिकारः**

(क) विधानको प्रस्तावना अनुरूप समाजको उद्धेश्य परिपूर्ति गर्न प्रयत्नरत रहने ।

(ख) अध्यक्षको निर्देशन र नियन्त्रणमा रही समितिको कार्यालयको सञ्चालन गर्ने ।

(ग) समितिका सदस्यहरूले बुझाउन ल्याएको रकम बुझी रसिद दिने र विधान र समितिले तोके अनुसार लेखा राख्ने ।

(घ) अध्यक्षको निर्देशन अनुसार समाजको साधारणसभा तथा समितिको बैठक बोलाउने ।

(ङ) प्रमुख प्रशासकीय अधिकारीको रूपमा समितिको कार्यालयको सञ्चालन तथा व्यवस्थापनको कार्य गर्ने ।

(च) अध्यक्ष र कोक्षाध्यक्षको निर्देशनमा रही विधानको उद्धेश्य अनुरूप कार्यक्रम र बजेट तयार गर्ने, लेखा राख्ने, वित्तीय प्रतिवेदन तयार गर्ने, लेखा परीक्षण गराई हिसाब फरफारक गराउने, असुल उपर गर्नु पर्ने हिसावहरू असुल गर्ने ।

(छ) समितिका अभिलेखहरू काजगपत्रहरू सुरक्षित राख्ने ।

(ज) समितिको बैठकमा नियमित रूपमा भाग लिने, निर्णय लेख्ने र अध्यक्ष र सदस्यहरूबाट प्रमाणित गराई राख्ने ।

(झ) साधारणसभाको अधिवेशन र विशेष अधिवेशन तथा कार्य समितिको बैठकमा सचिवको हैसियतले गर्नुपर्ने आवश्यक कार्यहरू गर्ने ।

---

❐ पहिलो संसोधनद्वारा साविकको परिच्छेद शीर्षक परिवर्तन गरी थप व्यवस्था गरिएको ।

(ञ) समितिले सुम्पेको अन्य जिम्मेवारी बहन गर्ने ।

## ❒परिच्छेद–६
## आर्थिक व्यवस्था

२४. **आर्थिक श्रोत:** समाजले आफ्नो उद्धेश्य अनुरूपका कार्यक्रम र गतिविधिहरू सञ्चालन गर्न समाजका सदस्य परिवारहरू, विभिन्न संघ, संस्था, स्थानीय निकाय, नेपाल सरकार र प्रचलित कानून बमोजिम विदेशी संघ, संस्थाहरूबाट समेत आर्थिक श्रोत जुटाउन सक्नेछ ।

२५. **चल अचल सम्पत्तिको विवरण:** समाजले कार्यालय स्थापना, सञ्चालन र कार्यक्रमहरू सञ्चालनार्थ बिभिन्न चल, अचल सम्पत्ति खरिद गर्न, उपयोग गर्न एवं बेच बिखन गर्न सक्नेछ, सो को विवरण लेखापरीक्षण प्रतिवेदनमा उल्लेख गर्नु पर्नेछ ।

२६. **समितिको कोष:** (१) समितिको कोषको स्थापना र सञ्चालन देहाय अनुसार हुनेछः–

(क) कोषको स्थापनाः समाजको उद्धेश्य कार्यान्वयन र परिपूर्तिको लागि खुलाल खड्का क्षत्री समाज नामक एक कोषको स्थापना हुनेछ । सो कोषमा देहाय अनुसारका रकमहरू दाखिला गरिनेछः–

(१) साधारण सदस्यता शुल्क र नविकरण शुल्क ।

(२) समितिको समय समयको निर्णयअनुसार समाजबाट विभिन्न प्रयोजनको लागि उठाउने चन्दा, अनुदान, ऋण जस्ता रकमहरू ।

(३) समाजका सदस्यहरूबाट प्राप्त हुन आएको स्वेच्छिक चन्दा, उपहार रकम ।

(४) अन्य क्षेत्रबाट प्राप्त हुन आएको सहयोग, चन्दा, उपहार आदि ।

(५) स्वदेशी, विदेशी संघ, संस्था, स्थानीय निकाय एवं नेपाल सरकारबाट प्राप्त चन्दा, अनुदान, उपहार आदि ।

(६) अन्य विविध आम्दानी ।

(ख) समितिको कोषको सञ्चालन देहाय अनुसार हुनेछः–

(१) समाजको नाममा प्राप्त हुने रकम अध्यक्ष र कोषाध्यक्ष मध्ये कुनै एक र सदस्य–सचिवको संयुक्त दस्तखतबाट सञ्चालन हुने गरी नजिकको बैंकमा चल्ती वा बचत खाता खोली जम्मा गरिनेछ । समितिको निर्णय अनुसार समितिको नाममा अक्षय कोष तथा मुद्धती खाता खोल्न यस दफाले बाधा पुऱ्याउने छैन । तर सो कार्यको आगामी अधिवेशनमा जानकारी गराई अनुमोदन गराउनु पर्नेछ ।

स्पष्टिकरणः समाजको कोषमा समाज भित्रका सदस्यहरू एवं अन्य व्यक्ति तथा संघ, संस्थाबाट प्राप्त हुने बस्तुगत सहायतालाई समेत मुल्य अंकित गरी जिन्सी लेखा राखिनेछ ।

(२) प्रत्येक वर्ष आगामी आ.व. को. कार्यक्रम र आय–व्ययको विवरण तयार गरि साधारणसभाबाट स्वीकृत गराएर मात्र कोषको आम्दानी खर्च गर्नु पर्नेछ ।

(३) सवै क्षेत्रका सदस्यहरूले आ–आफ्नो क्षेत्रमा संकलन गरेको रकम पाँच दिनभित्र सदस्य–सचिवलाई बुझाई विधिवत रसिद लिनु पर्दछ ।

(४) समितिको कार्यालयमा प्राप्त हुन आएको जुनसुकै रकम पनि बढीमा सात दिन भित्र समितिको बैंक खातामा जम्मा गर्नु पर्नेछ र समितिले जुनसुकै कारोवार गर्दा समेत बैंक खाताबाट कारोवार गर्न प्रोत्साहन दिनु पर्नेछ ।

माथि जेसुकै लेखेको भए तापनि समितिले सानातिना कारोवार र भुक्तानि दिने प्रयोजनका लागि आवश्यक रकम सदस्य–सचिवको जिम्मामा रहनेगरी चालुकोष स्थापना गर्न सक्नेछ । चालु कोषबाट भएको खर्च नियमित रूपमा बिल भरपाई पेश गरी सोधभर्ना लिंदै जानु पर्नेछ ।

(५) साधारण सदस्य शुल्क र नविकरण शुल्क बाहेक अन्य जुनसुकै रकम संकलन गर्दा पनि सो को प्रयोजन स्पष्ट गरी सम्बन्धित सदस्य परिवारको आर्थिक क्षमता र सो प्रयोजनबाट निजहरूलाई पुग्ने प्रत्यक्ष फाइदाको लेखाजोखा गरी भरसक समानुपातिक भार प्रणाली अनुरूप संकलन गर्ने ध्येय हुनु पर्नेछ ।

(६) कोषमा प्राप्त रकम साधारणसभाको नीति निर्देशन र समितिको निर्णय अनुसार मितव्ययी, पारदर्शी एवं जवाफदेही रूपमा खर्च गर्नु, व्यवस्थित रूपमा सोको लेखा राख्नु, लेखापरीक्षण गराउनु, खर्च र उपलब्धिको प्रतिवेदन साधारण सभामा पेश गरी अनुमोदन गराउनु समितिको समग्र र महत्वपूर्ण कर्तव्य हुनेछ ।

(७) समितिका अध्यक्ष, उपाध्यक्ष लगायत कुनै पनि सदस्य, कोषाध्यक्ष तथा सदस्य–सचिवले आर्थिक हिनामिना गरेमा उक्त पदाधिकारी उपर उचित कारवाही गरी जरिवाना सहित विगो असुली गर्नु समितिको दायित्व हुनेछ र समितिको निर्णय पालना गर्न निज पदाधिकारी कानूनी र नैतिक रूपबाट बाध्य हुनुपर्नेछ ।

२७. **लेखापरीक्षण:**

(१) कोषको लेखापरीक्षण साधारणसभाबाट नियुक्त महालेखा परीक्षकको कार्यालयबाट स्वीकृती प्राप्त नेपाल चार्टड एकाउन्टेन्ट संस्थामा दर्तावाला लेखापरीक्षकबाट गराउनु पर्नेछ ।

(२) प्रत्येक वर्ष आय–व्ययको लेखापरीक्षण गराई सो को प्रतिवेदन साधारणसभामा छलफल गरी असुल उपर गर्नु पर्ने वेरूजु तथा नियमित गर्नु पर्ने वेरूजु एक वर्षभित्र फरफारक गराई सक्नु पर्नेछ ।

(३) लेखापरीक्षण प्रतिवेदन अनिवार्यरूपमा समाज कल्याण परिषद र संस्था नविकरण गर्ने निकायमा बुझाउनु पर्नेछ ।

## ❒परिच्छेद–७

❒ पहिलो संसोधनद्वारा साविकको परिच्छेद शीर्षक परिवर्तन गरी थप व्यवस्था गरिएको ।

## विविध

**२८. निर्वाचन सम्बन्धी व्यवस्था:**

(१) निर्वाचन क्षेत्र विभाजन देहाय अनुसार हुनेछः–

(क) यो विधान संसोधन हुँदा कायम भएका पन्ध्र क्षेत्रहरू यसै विधान बमोजिम कायम भएको मानिनेछ ।

(ख) निर्वाचन हुने वर्षको जेठमा बस्ने साधारणसभाले तत्काल रहेका सदस्य संख्या र बसोवासको अवस्थिति हेरी तोकिएको निर्वाचन क्षेत्रको सिमाना हेरफेर पुनरावलोकन गर्न सक्नेछ ।

(२) निर्वाचन तालीका एवं निर्वाचन विधि देहाय अनुसार हुनेछः–

(क) कार्यसमितिका अध्यक्ष, उपाध्यक्ष र सदस्यहरूको निर्वाचन कार्यरत कार्यसमितिको कार्यकाल समाप्त हुने वर्षको मंसिर महिनामा गर्नु पर्नेछ ।

(ख) कार्य समितिको अध्यक्ष र उपाध्यक्षको निर्वाचन सम्पूर्ण साधारण सदस्यहरूले र क्षेत्रगत सदस्यहरूको निर्वाचन सम्बन्धित क्षेत्रमा रहेका साधारण सदस्यहरूले गोप्य मतदानद्वारा बहुमतको आधारमा गर्नेछन् ।

(३) निर्वाचन सम्बन्धि अन्य कार्यविधि र निर्वाचन तालीका निर्वाचक मण्डलले निर्धारण गरेअनुसार हुनेछ ।

(४) निर्वाचक मण्डलको व्यवस्था देहाय अनुसार हुनेछः–

(१) निर्वाचन हुने वर्षको जेठमा बसेको साधारण सभाले सो वर्षको मंसिरमा हुने कार्यसमितिको निर्वाचन सम्पन्न गर्न समाजका सदस्यहरू मध्येबाट एक जना अध्यक्ष र अन्य चार जना सदस्य भएको पाँच सदस्यीय निर्वाचक मण्डल गठन गर्नेछ । तोकिएको समयमा आवश्यक कार्यविधि अपनाई निर्वाचन सम्पन्न गर्नु निर्वाचक मण्डलको कर्तव्य हुनेछ ।

**२९. उम्मेदवार हुन अयोग्यता:**

(१) देहायको अवस्था नपुगेको साधारण सदस्य कार्यसमितिको अध्यक्ष, उपाध्यक्ष तथा सदस्य पदको उम्मेदवार हुन अयोग्य हुनेछः–

(क) उमेर  एक्काइस वर्ष पुरा नभएको ।

(ख) दफा (६) र (८) अनुसारको योग्यता नपुगेको ।

(ग) समाजको चल अचल सम्पत्ति हिना मिना गरेको ।

(घ) समाजलाई तिर्नु पर्ने कुनै रकम नतिरेको ।

**३०. सपथ ग्रहण:** अध्यक्षले समाजको वरिष्ठ वयोवृद्ध सदस्य व्यक्ति समक्ष र उपाध्यक्ष, सदस्यहरू, कोषाध्यक्ष एवं सदस्य–सचिवले अध्यक्ष समक्ष सपथ ग्रहण गर्नु पर्नेछ । सपथ ग्रहणको बेहोरा कार्यसमितिले निर्धारण गरे अनुसार हुनेछ ।

**३१. अविश्वासको प्रस्ताव:**

(१) कार्यसमितिका अध्यक्ष तथा उपाध्यक्ष र सदस्यहरूले विधानको उद्धेश्य अनुरूप कार्य गर्न नसकेको, आर्थिक हिनामिना र भ्रष्टाचार गरेको, समाजमा सौहार्दता र सहिष्णुता कायम गर्न नसकेमा निज पदाधिकारीलाई देहायअनुसार अविश्वासको प्रस्ताव पारित गरी हटाउन सकिनेछ ।

(क) उप–दफा (१) अनुसार अध्यक्ष वा उपाध्यक्ष माथि अविश्वासको प्रस्ताव पेश गर्दा समाजका कुल साधारण सदस्यहरू मध्ये कम्तीमा एक चौथाई सदस्यहरूले (जसमा कम्तीमा तीन जना कार्य समितिका सदस्य रहनु पर्नेछ ।) स्पष्ट अभियोग सहित साधारणसभा वा विशेष अधिवेशनमा सभापतिलाई सम्बोधन गरी प्रस्ताव पेश गर्नु पर्नेछ । उक्त प्रस्ताव उपर सभापतिले छलफल गराई गोप्य मतदान प्रकृयामा लैजानु पर्नेछ  र सम्पूर्ण साधारण सदस्य संख्याको दुई तिहाई बहुमतले प्रस्तावको पक्षमा मतदान गरेमा सम्बन्धित पदाधिकारी आफ्नो पदबाट हट्नेछ ।

(ख) उप–दफा (१) अनुसार क्षेत्रगत सदस्य माथि अविश्वासको प्रस्ताव पेश गर्दा सम्बन्धित क्षेत्रका एक चौथाई साधारण सदस्यहरूले स्पष्ट अभियोग सहित कार्यसमितिका अध्यक्ष समक्ष प्रस्ताव पेश गर्नु पर्नेछ । अध्यक्षले दश दिन भित्र सम्बन्धित क्षेत्रका साधारण सदस्यहरूको भेला गराई गोप्य मतदानद्वारा प्रस्तावको टुङ्गो लगाउनु पर्नेछ । प्रस्तावको पक्षमा दुई तिहाई बहुमत भएमा सम्बन्धित सदस्य आफ्नो पदबाट हट्नु पर्नेछ ।

स्पष्टिकरण: खण्ड (क) र (ख)  बमोजिम अविश्वासको प्रस्ताव माथि छलफल हुँदा सम्बन्धित पदाधिकारीलाई आफ्नो बचाउको लागि स्पष्टिकरण पेश गर्ने तथा छलफलमा भाग लिन पाउने अधिकारबाट वंचित गरिने छैन ।

**३२. विधान संसोधन:**

(१) समाजको विधान संसोधनको प्रस्ताव र संसोधन प्रकृया देहाय अनुसार हुनेछः–

(क) संसोधन प्रस्ताव: विधानमा उल्लेखित कुनै पनि दफा, उप–दफा वा खण्ड संसोधन गर्नु पर्ने कारण स्पष्ट गरी कुनै पनि सदस्यले कार्यसमितिमा संसोधन प्रस्ताव पेश गर्न सक्नेछ । कार्यसमितिले सो माथि अध्ययन गरी उपयुक्त सुझाउ र निर्णय सहित अनिवार्य रूपमा आगामी साधारणसभाको अधिवेशनमा वा विशेष अधिवेशनमा प्रस्तावको रूपमा पेश गर्नु पर्नेछ ।

(ख) खण्ड (क) अनुसार पेश हुन आएको विधान संसोधन प्रस्ताव सभापतिले छलफल सूचिमा समावेश गरी उपयुक्त मितिमा छलफल र गोप्य मतदानद्वारा निर्णय गराउनु पर्नेछ । मतदानमा सम्पूर्ण साधारण सदस्यको दुई तिहाई बहुमतले प्रस्तावको पक्षमा समर्थन जनाएमा विधान संसोधन भएको मानिनेछ ।

माथि जेसुकै लेखेको भए तापनि संसोधित व्यवस्था सम्बन्धित निकायबाट स्वीकृत भए पछि मात्र लागू हुनेछ ।

**३३. नियम बनाउने:** कार्यसमितिले कार्य सञ्चालन गर्न आवश्यक देखेमा यो विधानको उद्धेश्य र भावनासँग नबाझिने गरी नियम बनाई लागू गर्न सक्नेछ । तर उक्त नियम विधान विपरित भयो भन्ने प्रश्न उठेमा साधारण सभाको निर्णय मान्य हुनेछ ।

**३४. संस्था विघटन:** प्रचलित कानूनमा व्यवस्था गरे अनुरूप नेपाल सरकार वा अधिकार प्राप्त निकायबाट विघटन भएमा बाहेक खड्का समाज एक अविच्छिन्न उत्तराधिकारवाला स्वशासित संस्था हुनेछ । विघटन भएमा समाजको चल, अचल सम्पूर्ण सम्पत्तिबाट समाजले बुझाउनु पर्ने दायित्व चुक्ता गरी बाँकीरहेको सम्पत्ति समाजका सदस्यहरूको सामूहिक हितमा प्रयोग हुनेछ ।

---

□ पहिलो संसोधनद्वारा साविकको परिच्छेद शीर्षक परिवर्तन गरी थप व्यवस्था गरिएको ।

**३५. अन्य विविध व्यवस्था:** खड्का समाज सिगाना, तित्याङको विधान २०४९ को पहिलो संसोधन हुनु अगाडि परिच्छेद–६ विविध अन्तरगत व्यवस्था भएको दफा (१७), (१८), (१९) र (२०) बमोजिमका कार्यहरू यसै विधान बमोजिम भएको मानिनेछ ।

**३६. प्रचलित कानून बमोजिम हुने:** यस विधानमा लेखिएको कुनै पनि व्यवस्था प्रचलित नेपाल कानूनसँग बाझिएमा त्यसरी बाझिएको हदसम्म यस विधानको व्यवस्था स्वत: निस्क्रिय हुनेछ ।

**३७. बचाउ:** यस विधानमा लेखिए जति कुरामा यसै बमोजिम र अरूमा प्रचलित नेपाल कानून बमोजिम हुनेछ ।

समाप्त

## अनुसूचि-१
## खड्का समाजको प्रतिक चिन्ह




## अनुसूचि-२
(दफा ८ को उपदफा *(१) अनुसारका संस्थापक सदस्यहरू)

| सि.नं. | नाम, थर | ठेगाना | कैफियत |
|---|---|---|---|
| ०१ | स्व.सुबेदार तील बहादुर खड्का | तित्याङ, पाल्ठाना, बा.न.पा. वडा नं. ९ बागलुङ |  |
| ०२ | स्व. हिरा बहादुर खड्का | सिगाना, थारेघर, बा.न.पा. वडा नं. ८ बागलुङ | हाल पोखरा |
| ०३ | स्व.ढक बहादुर खड्का | सिगाना,ठोकनफाँट, बा.न.पा. वडा नं. ८ बागलुङ |  |
| ०४ | स्व. भिम बहादुर खड्का | तित्याङ,ठूलाढुङ्गा,गुन्डाँडा,बा.न.पा.वडा नं. ९ बागलुङ |  |
| ०५ | श्री महेन्द्र खड्का | तित्याङ, सिमस्वाँरा, बा.न.पा. वडा नं. ९ बागलुङ |  |
| ०६ | स्व.सुबेदार केदारसिंह खड्का | सिगाना, थारेघर, बा.न.पा. वडा नं. ८ बागलुङ |  |
| ०७ | स्व. बि.लाल बहादुर खड्का (लोकबहादुर) | सिगाना, पाखावारी, बा.न.पा. वडा नं. ९ बागलुङ |  |
| ०८ | स्व. बल बहादुर खड्का | तित्याङ, ठूलाढुङ्गा, बा.न.पा. वडा नं. ९ बागलुङ |  |
| ०९ | श्री भिम बहादुर खड्का | तित्याङ,ठूलाढुङगा,दशमुरे,बा.न.पा. वडा नं. ९ बागलुङ |  |
| १० | पू.प्र.अ. श्री टेक बहादुर खड्का | तित्याङ,ठूलाढुङगा, बा.न.पा. वडा नं. ९ बागलुङ | हाल काठमाडौं |
| ११ | स्व. कृष्ण खड्का | सिगाना ठोकन्फाँट, बा.न.पा. वडा नं. ८ बागलुङ |  |
| १२ | श्री बुद्धिबहादुर खड्का | तित्याङ, गैराफाँट, बा.न.पा. वडा नं. ९ बागलुङ | हाल काठमाडौं |
| १३ | श्री अनन्त बहादुर खड्का | तित्याङ् , गैराफाँट, बा.न.पा. वडा नं. ९ बागलुङ |  |
| १४ | श्री टोप बहादुर खड्का | सिगाना, भलावोट, बा.न.पा. वडा नं. ८ बागलुङ |  |
| १५ | श्री रामेन्द्र खड्का | सिगाना, ठोकनफाँट, बा.न.पा. वडा नं. ८ बागलुङ |  |
| १६ | श्री राजेन्द्र खड्का | तित्याङ् , सिमस्वाँरा, बा.न.पा. वडा नं. ९ बागलुङ | हाल काठमाडौ |
| १७ | श्री लक्ष्मण खड्का | तित्याङ, पाल्ठाना, बा.न.पा. वडा नं. ९ बागलुङ |  |
| १८ | स्व.सम्मर बहादुर खड्का | सिगाना पाखावारी,बा.न.पा. वडा नं. ८ बागलुङ |  |
| १९ | स्व. देबेन्द्र बहादुर खड्का | सिगाना, बेँसी, बा.न.पा. वडा नं. ८ बागलुङ |  |
| २० | स्व. तेजेन्द्र खड्का | तित्याङ, हरिङ्गे, बा.न.पा. वडा नं. ९ बागलुङ |  |
| २१ | श्रीमति विष्णु खड्का | सिगाना, पाखावारी, बा.न.पा. वडा नं. ८ बागलुङ । |  |

नेपाल सरकार
गृह मन्त्रालय
# जिल्ला प्रशासन कार्यालय
बागलुङ

फोन नं. ०६८-५२०१३३
५२०२३३
फ्याक्स: ५२०३२२

पत्र संख्या.: ०६८/०६९ प्रशासन
चलानी नं.: ३६२८

धवलागिरि अञ्चल
मिति: ०६८/९/२८

**विषय:-** संशोधित विधान पठाएको

श्री समाज कल्याण परिषद्
लैनचौर काठमाण्डौं

यस कार्यालयमा मिति ०५५/१/२६ मा द.नं. २६६ मा दर्ता भएको खड्का समाज तित्याङ, सिगाना बाग्लुङ को विधान यस कार्यालय को मिति ०६८/९/१८ को निर्णयले विधान संसोधन भएकोले संसोधीत विधान १-प्रति संलग्न राखी पठाईएको ब्यहोरा अनुरोध छ।-

बोधार्थ
श्री खड्का समाज,
तित्याङ, बाग्लुङ

प्रमुख जिल्ला अधिकारी